# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/०४/१४ गते मंगलवार)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यस वित्तीय संस्थामा रिक्त निम्नलिखित पद खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्य उम्मेदवारहरुबाट मिति २०७६/०५/०२ गते कार्यालय समयभित्र यस संस्थाको क्षेत्रीय कार्यालय (बिर्तामोड ०२३-५४३२५२, बर्दिवास ०४४-५५०४८४, बिरगंज ०५१-५२९६५१, अत्तरिया ०९१-५५१२६१) र केन्द्रीय कार्यालय, नक्साल, काठमाडौंमा आइपुग्ने गरी वित्तीय संस्थाले तोकेको ढाँचामा रितपूर्वक दरखास्त आव्हान गरिएकोछ ।

## विज्ञापन नं.: ०१/२०७६/०७७ (खुल्ला)

**पदः सहायक व्यवस्थापक** आवश्यक पद संख्या: ५ जना

श्रेणी: व्यवस्थापकीय श्रेणी

उमेर: २१ वर्ष पुराभई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

न्युनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरहको उपाधि उत्तीर्ण गरेको वा स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट/ए.सि.सि.ए उत्तीर्ण भएको वा संस्थामा सो तह भन्दा मुनि कम्तीमा २ वर्ष कार्यरत स्थायी कर्मचारीले स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ । (स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट/ए.सि.सि.ए.लाई प्राथमिकता दिईनेछ ।)

## विज्ञापन नं.: ०२/२०७६/०७७ (खुल्ला)

**पदः कनिष्ठ सहायक**

आवश्यक पद संख्या: प्रदेश नं. १ बाट १० जना, प्रदेश नं. २ बाट १० जना र सुदुरपश्चिम प्रदेशबाट १० जना गरी कूल ३० जना । श्रेणी: सहायक श्रेणी

उमेर: १८ वर्ष पुराभई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

न्युनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । कनिष्ठ सहायक पदको लागि उदयपुर, तेन्हथुम, सोलुखुम्बु, संखुवासभा, खोटाङ्ग, ईलाम, पांचथर, झापा, सर्लाही, पर्सा, महोत्तरी, धनुषा, कैलाली, दार्चुला, डडेलधुरा, बाजुरा र अछाम जिल्लाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र सोही जिल्लावाट नागरिकता लिएको हुनु पर्नेछ ।

परीक्षाको किसिम: लिखित, फिल्ड अवधारणा र अन्तरवार्ता ।

कार्य गर्नुपर्ने स्थान: संस्थाले तोकेको कार्यालयमा ।

सेवा शर्त: ६ महिनाको तालिम अवधि र ६ महिना परिक्षणकाल पश्चात स्थायी हुने ।

तलब सुविधा: संस्थाको नियमानुसार (पूर्व सेवाकालीन तालिम अवधिमा तोकिएको तालिम भत्ता मात्र पाउने, अन्य कुनै सुविधा पाउने छैन ।)

उल्लेखित पदको लागि: दरखास्त फाराम यस संस्थाको Website: www.nirdhan.com.np/career बाट Download गरी भर्नु पर्नेछ ।

दरखास्त दिने तरिका: विज्ञापन नम्बर उल्लेख गरी तोकिएको ढाँचामा फाराम भर्नु पर्नेछ । फाराम साथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि, हालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, यस संस्थामा सेवा गर्न चाहनुको बारेमा १ पेजको हस्तलिखित आलेख सहित निवेदन पेश गर्नु पर्नेछ ।

छोटो सूची प्रकाशन गरिने: प्राप्त दरखास्तहरु छानविन गरी छोटो सूची मिति २०७६ भाद्र २१ गतेभित्र प्रकाशित गरिनेछ । सो छोटो सूची (Short listed) मा समावेस भएका उम्मेदवारहरुले परीक्षा दस्तुर ब्यवस्थापकिय श्रेणीको रु. १,०००। र सहायक श्रेणीको रु. ५००। बुझाई प्रवेश पत्र लिनु पर्नेछ । छोटो सूची प्रकाशन गरेको दिन परीक्षाको मिति, समय, स्थान र पाठ्यक्रम संस्थाको केन्द्रीय कार्यालय, नक्साल, काठमाडौंको सूचना पाटीमा र संस्थाको वेबसाईटमा समेत राखिनेछ । यो सूचना संस्थाको Website: www.nirdhan.com.np/career मा पनि राखिएको छ । कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

पदपूर्ति समिति

**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, नक्साल, काठमाडौं**
**फोन नं.: ०१-४४१३७११, ०१-४४१३८४०, ०१-४४१३७९४**